# अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

देवानगञ्ज गाउँपालिका

## देवानगञ्ज राजपत्र

खण्ड :५ भाग :२ मिति :२०८२।०८।२५

## भाग-२

## देवानगञ्ज गाउँपालिका

# देवानगञ्ज गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका (पहिलो संशोधन), २०८१

आज्ञाले,
महेश कुमार ठाकुर
प्रमुख प्रशासकोय अधिकृत

*कार्यपालिकाबाट स्वीकृत २०८२।०८।२५*
*प्रमाणीकरण मिति २०८२।०८।२५*

## संशोधन तथा नयाँ थप गर्नु पर्ने परिच्छेद तथा दफा/उपदफाहरुः-

१. परिच्छेद—२ को बैठक भत्ता सम्बन्धी व्यवस्थाको दफा ३ को उपदफा (३) मा देहाय बमोजिमको व्यवस्था नयाँ थप गर्नेः "वडा कार्यालयका पदाधिकारी तथा कर्मचारीहरूलाई मासिक दुई वटा बैठक नबढ्ने गरी प्रति बैठक रु. १,०००।— (एक हजार रुपैयाँ) का दरले बैठक भत्ता उपलब्ध गराइनेछ।"

२. परिच्छेद—३ को दफा ५ को खण्ड (च) मा देहाय बमोजिमको व्यवस्था नयाँ थप गर्नेः "गाउँपालिका स्तरीय तथा वडागत योजनाको फरफारक सम्बन्धी बैठकमा सहभागी पदाधिकारी तथा कर्मचारीलाई प्रति योजना रु. १,०००।— (एक हजार रुपैयाँ) का दरले तथा अनुगमन कार्य गरेबापत सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई प्रति योजना रु. १,०००।— (एक हजार रुपैयाँ) का दरले अनुगमन प्रतिवेदनका आधारमा भत्ता उपलब्ध गराइनेछ।"

३. परिच्छेद—५ को पारवहन सुविधा सम्बन्धी दफा ८ मा देहायबमोजिम संशोधन गर्नेः "निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई समेत बिल/भरपाईका आधारमा एक पटकमा रु. १०,०००।— (दश हजार रुपैयाँ) नबढ्ने गरी वार्षिक अधिकतम रु. १५,०००।— (पन्ध्र हजार रुपैयाँ) सम्म सवारी साधन मर्मत खर्च उपलब्ध गराउन सकिनेछ।"

४. परिच्छेद—६ को संचार पोशाक प्रोत्साहन भत्ता सम्बन्धी व्यवस्थाको दफा ११ मा देहाय बमोजिमको व्यवस्था नयाँ थप गर्नेः दफा ११ को उपदफा १ मा स्थानिय तहका पदाधिकारीको संचार पोशाक तथा अन्य भत्ता प्रदेश कानुनमा भए बमोजिम हुनेछ ।

दफा ११ को उपदफा (२) कार्यालयको नियमित समयबाहेक अतिरिक्त समयमा कार्यालयको कामकाज गरेवापत स्थानीय तहका शाखा प्रमुख तथा सहायक कर्मचारीहरूको कार्यसम्पादन, कार्यबोझ तथा योगदानका आधारमा निजहरूको मनोबल उच्च राख्न प्रोत्साहनस्वरूप निजहरूले खाइपाई आएको शुरु तलब स्केलको बढीमा दुई महिनासम्मको रकम प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका अध्यक्ष ज्यूको सहितको आदेशबाट स्वीकृत गरी उपलब्ध गराउन सकिनेछ।

५. परिच्छेद—६ को दफा १२ को उपदफा (२) मा देहायबमोजिम संशोधन गर्नेः "प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुखलाई मासिक रु. २,०००।—(दुई हजार रुपैयाँ), विभिन्न शाखाका शाखा प्रमुख, गाउँपालिकामा राजस्व शाखा हेर्ने कर्मचारी तथा वडा सचिवलाई मासिक रु. १,०००।— (एक हजार रुपैयाँ) तथा सहायक कर्मचारी र कम्प्युटर अपरेटरलाई मासिक रु. ५००।— (पाँच सय रुपैयाँ) नबढ्ने गरी मोबाइल रिचार्ज सुविधा उपलब्ध गराइनेछ।"